घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ४९ औं वैठक**

मिति २०७७/०४/०६

<u>निर्णयहरु</u>

१. बैठकमा गत आर्थिक वर्षको संलग्न बमोजिमको संक्षिप्त वार्षिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतबाट पेश भयो ।

२. आगामी आर्थिक वर्ष २०७७।७८ का लागि संलग्न बमोजिमको स्थानीय दररेट स्वीकृत गर्ने ।

३. सङ्घीय सशर्त कार्यक्रम बमोजिम यस गाउँपालिकामा प्राप्त हुन आएको यसै गाउँपालिका वडा नं. ४ मा रहेको APF camp to Kaligandaki RCC bridge both side river protection आयोजना गत आर्थिक वर्षबाटै ठेक्का सम्झौता भई कार्यान्वयनमा आईरहेको, सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदनमा आर.सि.सि. तथा सेक्सनहरूको चौडाई र उचाई बढी रहेको तर तटबन्धनको बीच बीचमा ठूलो परिमाणमा खाली स्थानहरू रहेको, जुन तटबन्धन कार्यका लागि उपयुक्त नदेखिएकाले ठेक्का सम्झौताको कूल अङ्कमा फरक नपर्ने गरी संलग्न बमोजिमको स्टिमेटको Variation Quantity स्वीकृत गरी संशोधित भेरियशन बमोजिम काम गराउनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

४. गण्डकी प्रदेश सरकारको समपूरक आयोजना अन्तर्गत यस गाउँपालिका वडा नं. २ मा रहेको मार्फा देखि धवान याकखर्क सम्मको कृषि सडक आयोजनाको विस्तृत परियोजना प्रतिवेदनका Hard Rock कटानीको अंश धेरै भएको तर काम गर्दै जाँदा Hard Rock को अंश कम देखिएकाले उक्त आयोजनाको ठेक्का सम्झौताको कूल अंकमा फरक नपर्ने गरी संलग्न बमोजिमको स्टिमेटको Variation Quantity स्वीकृत गर्ने ।

५. चालू आर्थिक वर्षका लागि देहाय बमोजिमको आयोजना तथा कार्यक्रम कार्यान्वयन तालीका स्वीकृत गरी सोही बमोजिम कामकाज गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूलाई निर्देशन दिने ।

<u>तालीका</u>

- उपभोक्ता समितिहरू गठन गरिसक्ने अन्तिम मितिः २०७७।०४।२१ गतेसम्म
- आयोजना सम्झौता गरिसक्नुपर्ने अन्तिम मितिः २०७७।०४।३२ गतेसम्म
- उल्लिखित बमोजिम उपभोक्ता समितिहरू गठन भई नियमानुसार सम्झौता हुन नसकेमा कार्यालयले अन्य विधिबाट आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

६. आगामी आर्थिक वर्षको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रत्येक वडाबाट २० (बीस) जनाको दरले बेरोजगारहरूको सूचीमा सूचिकृत गराउनको लागि वडा कार्यालयहरूबाट विवरण तयार गरी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

७. यस गाउँपालिका अन्तर्गतका प्रत्येक वडा कार्यालयहरूलाई कार्यालय सञ्चालन तर्फ वार्षिक रू. ५० हजारको दरले र प्रत्येक स्वास्थ्य संस्थाहरूको लागि वार्षिक रू. १० हजारको दरले कार्यालय सञ्चालन खर्च उपलब्ध गराउने । यस सम्बन्धी विस्तृत कार्यक्रम लेखा शाखाबाट तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

८. गण्डकी प्रदेश सरकारले पारित गरेको **गाउँसभा, नगरसभा, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,** २०७७ को सम्बन्धमा सबै कार्यपालिकाका सदस्यहरूलाई जानकारी गराइयो ।

९. गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयमा कार्यरत तपशिल बमोजिमका करारमा कार्यरत कर्मचारीहरूलाई साविककै सेवा सुविधा बमोजिम चालू आर्थिक वर्षको ६ (छ) महीनाको लागि करार सम्झौता थप गर्ने ।

तपशिल

- सूचना प्रविधि अधिकृत सुजिता थकाली
- सब ईन्जिनियर सन्देश थकाली
- एम.आई.एस्. अपरेटर सुस्मिता नेपाली
- रोजगार संयोजक सर्मिला श्रीस
- फिल्ड सहायक निशा थकाली
- फिल्ड सहायक नबीन्द्र थकाली
- कार्यालय सहयोगी कुमारी जुग्जाली मगर र रेखा थकाली
- वडा नं. २, ३ र ५ का सरसफाई सहयोगी ३ (तीन) जना

१०. यस कार्यालयमा रिक्त रहेका नायव प्राविधिक सहायक (कृषि), प्राविधिक सहायक (मेड्पा कार्यक्रम) र यसै कार्यालय अन्तर्गत रहेको मार्फा स्वास्थ्य चौकीमा रिक्त हेल्थ असिष्टेण्ट पदपूर्तिको लागि गाउँपालिकाको स्वीकर्त कार्यविधि बमोजिम खुल्ला सूचना प्रकाशन गर्ने ।

११. संलग्न बमोजिमका देहायमा उल्लिखित दुई कार्यविधिहरू स्वीकृत गर्ने ।

- स्थानीय सामाजिक सुरक्षा कोष सञ्चालन कार्यविधि, २०७७
- स्थानीय लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

१२. घरपझोङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा देहाय बमोजिम संशोधन गर्ने ।

(१) कार्यविधिको दफा ४ को उपदफा (३) खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायका खण्डहरू राख्ने ।

(क) शैक्षिक योग्यता वापत कूल १० अंक (विशिष्ट श्रेणी वापत ८ अंक, प्रथम श्रेणी वापत ६ अंक, द्वितीय श्रेणी वापत ४ अंक, तृतीय श्रेणी वापत २ अंक र सम्बन्धित पदको उपल्लो योग्यता भएमा सो वापत २ अंक थप

(ख) सम्बन्धित पदको कार्यानुभव भएमाः प्रत्येक वर्षको २ अंकका दरले बढिमा १० अंक

(ग) स्थानीय उम्मेदबारको लागि १० अंकः घरपझोङ गाउँपालिकाको स्थायी वासिन्दा भएमा १० अंक र मुस्ताङ जिल्लाको स्थायी वासिन्दा भएमा ५ अंक

(घ) लिखित परीक्षाः ५० अंक

(ङ) अन्तर्वार्ताः २० अंक

(च) उम्मेदवारको उमेर हद सम्बन्धी व्यवस्था लोकसेवा आयोगको नियम बमोजिम हुनेछ ।

(छ) उम्मेदवार सिफारिस गर्दा माथि उल्लिखित सबै अंकमानहरूको कूल योगको आधारमा सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूलाई योग्यताक्रम निर्धारण गरी क्रमैसँग सिफारिस गरिनेछ ।

(ज) खास पदहरुमा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ । यस सम्बन्धी कार्य प्रकृया अन्तर्वार्ता तथा सूचिकरण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) कार्यविधिको दफा ५ मा रहेको **प्रारम्भिक** भन्ने शब्द हटाउने ।

१३. लोकसेवा आयोगबाट सिफारिस भई आएका यस कार्यालय तथा अन्तर्गत कार्यरत सबै स्थायी कर्मचारीहरूको लागि संलग्न बमोजिमको वार्षिक कार्यसम्पादन मूल्यांकन फाराम स्वीकृत गर्ने ।

१४. आर्थिक वर्ष २०७६।७७ को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा सबै कार्यपालिकाका सदस्यहरूलाई जानकारी गराइयो ।

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

१५. चालू आर्थिक वर्षमा यस गाउँपालिकाले व्यवस्थापन गर्ने मुस्ताङ जिल्लाका सबै स्थानीय तहहरुको सहभागिता हुने अन्तर पालिका परिषद्को बैठक आगामी भदौ महीनाको तेश्रो सातामा आयोजना गर्नेगरी कार्यालयले सबै व्यवस्था मिलाउने ।

१६. गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरूको लागि अत्यावश्यक नयाँ आवाश भवन निर्माण गर्नको लागि प्राविधिकलाई लागत अनुमान तयार गर्न लगाउने र सो रकम सञ्चित कोष तथा ठूला आयोजनाहरूको कन्टेन्जेसी रकम बाट व्यवस्थापन गर्ने गरी निर्माण कार्य अघि बढाउने ।

१७. यस गाउँपालिका वडा नं. ३ पुथाङमा रहेको इको म्यूजियमको मर्मत संभार गर्दा निस्केका काठ दाउराहरूको लिलाम प्रकृया गाउँ कार्यपालिकाको कार्यालयबाट शुरू भएकोमा सो प्रकृयाको समर्थन गर्ने ।

१८. चालू आर्थिक वर्षको कार्यक्रममा यस गाउँपालिकाले शब बाहन खरीद गर्ने कार्यक्रम रहेकाले उक्त शब बाहन खरीद प्रकृयामा भन्सार महशुल छुट गर्नको लागि नेपाल सरकार, अर्थ मन्त्रालय समेत अन्य सम्बन्धित निकायहरूलाई भन्सार छूटको निर्णय गरिदिनको लागि लेखी पठाउने ।

१९. यसै साउन महिनामा गाउँ कार्यपालिकाका सदस्यहरू समेतको टोलीले लोमन्थाङ तथा लो घेकर दामोदरकुण्ड गाउँपालिकाको स्थलगत अध्ययन भ्रमण गर्ने, सो भ्रमणका दौरान गाउँपालिकाहरूले गरेका असल अभ्यासहरूको आदानप्रदान गर्ने, यस गाउँपालिकाकाको आयोजनामा हुने प्रस्तावित अन्तर पालिका स्तरीय बैठकको पूर्व तयारीका सम्बन्धमा समेत छलफल गर्ने । उक्त अध्ययन भ्रमणको व्यवस्थापन यसै घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयले गर्ने ।

-0-

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

२०७८।०४।०६
प्रमुख प्रशासकीय अधिकृत